कालीगण्डकी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा

आ.व. २०८१/८२ को

# चौमासिक प्रतिवेदन

२०८१ श्रावण देखि २०८१ कार्तिक मसान्तसम्म

कालीगण्डकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय  बिर्घा स्याङ्जाको आ.व. २०८१/८२ को प्रथम चौमासिक अवधिसम्म सम्पादन गरेका सेवा प्रवाह तथा विकासात्मक कामहरुको भौतिक तथा वित्तीय प्रगती संक्षिप्त विवरण तपसिल बमोजिम रहेको छ।

## शुसासन तथा संस्थागत विकासका क्षेत्रमा हासिल गरेका उपलब्धीहरु

- आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम पुस्तिका प्रकाशन भएको।
- विभिन्न गाउँपालिका तथा नगरपालिकाको अध्ययन, अवलोकन, असल अभ्यास आदान प्रदानको लागि  जनप्रतिनिधीहरुबाट भ्रमण गरि प्रतिवेदन पेश भएको।
- न्यायीक समितिमा परेको उजुरी र मुद्दा अन्तर्गत गत चालु आ.व.को प्रथम चौमासिक सम्म १ वटा नयाँ मुद्दा रहेकोमा सो मुद्दा फर्छयौट भैसकेको छ।
- गाउँपालिका सार्वजनिक सरोकारका सूचना, निर्णय, वित्तिय प्रतिवेदन, योजना, बजेट गाउँपालिकाको वेवसाईट kaligandakimunsyangja.gov.np र फेसबुक पेज facebook.com/kaligandaki.gaupalika.3 मा नियमित अपडेट गरिएकोछ।
- गाउँपालिकाका तथा वडा कार्यालयहरुबाट कार्तिक मसान्तसम्म संकलन भएको राजश्वको विवरण निम्नबमोजिम छ।

| **कार्यालय** | **संकलन भएको रकम** |
|---|---|
| गाउँपालिकाको कार्यालय | १६०००००० |
| **वडा नं १ को कार्यालय** | २७४००० |
| वडा नं २ को कार्यालय | २५५००० |
| वडा नं ३ को कार्यालय | २४७००० |
| वडा नं ४ को कार्यालय | २७८००० |
| वडा नं ५ को कार्यालय | २२६००० |
| **वडा नं ६ को कार्यालय** | २३३००० |
| वडा नं ७ को कार्यालय | ३७९००० |

| | |
|---|---|
| **जम्मा** | ३५०४००० |

- चालु आ.व. को प्रथम त्रैमासिकमा ३२५७ जना लाभग्राहीको रु ३,२२,८३,८८५ /- निकासा गरी सम्बन्धित लाभग्राहीको बैंक खातामा EFT मार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानी गरिएको छ ।
- गत आ.व.को सामाजिक सुरक्षा फिर्ता रकम मुक्तिनाथ विकास बैंकबाट १,६४,०००/- र गरिमा विकास बैंकबाट १,८८,४९४/- गरी कुल रकम ३,५२,४९४/- बेरुजु खातामा दाखिला गरिएको छ ।
- नेपाल सरकार गृह मन्त्रालयको केन्द्रीकृत नागरीकता सूचना प्रणालीको प्रयोगबाट सम्पुर्ण वडा कार्यालयबाट अनलाईन माध्ययमबाट नागरिकता सिफारिस प्रदान गरीएको छ । चालु आ.व.को प्रथम त्रैमासिकमा कुल १६१ जनाको नागरिकताको सिफारिस अनलाईन प्रणाली मार्फत गरीएको छ ।
    - गाउँपालिका अन्तर्गतका सात वटा वडा कार्यालयहरुबाट प्रदान गरेका सेवाहरु

| **प्रदान गरिएको सेवा** | **लाभग्राही** |
|---|---|
| नागरिकता सिफारिस संख्या | १९१ |
| घरबाटो सिफारिस संख्या | ५१ |
| नाता प्रमाणित संख्या | १९१ |
| जन्मदर्ता संख्या | ५९८ |
| मृत्युदर्ता संख्या | २४७ |
| बसाईसराईको सरिजानेको दर्ता संख्या | ८२ |
| बसाईसराईको सरिजानेको परिवार सदस्य संख्या | २८१ |
| बसाईसराईको सरिआउनेको दर्ता संख्या | १० |
| बसाईसराईको सरीआउने परिवार सदस्य संख्या | २३ |
| विवाह दर्ता | २४१ |
| सम्बन्ध विच्छेद | १९ |
| योजना सम्झौता संख्या | ६७ |
| योजना भुक्तानी सिफारिस | १५ |
| वडा कार्यालयबाट उठेको जम्मा राजश्व | १९०४००० |

जन्मदर्ता सबै भन्दा बढी भएको वडा नं. १ मा १३५ वटा  र सबै भन्दा कम भएको वडा नं. ७ मा ६२ वटा गरेको देखिएको छ। मृत्यु दर्ता सबै भन्दा बढी वडा नं. २ मा ५२ वटा र सबै भन्दा कम वडा नं. ३ मा २८ वटा गरेको देखिको छ। सम्बन्ध विच्छेद सबै भन्दा बढी वडा नं. २ मा ६ वटा र वडा नं. ४, ५ र ७ मा १  वटा भएको छ। विवाह दर्ता सबै भन्दा बढी वडा नं. १ मा ४७ वटा दर्ता भएको छ सबै भन्दा कम वडा नं. ७ मा २३ वटा भएको छ। बसाई सरी आएको दर्ता संख्या सब भन्दा बढी वडा नं. ७ मा ४ वटा दर्ता भएको छ वडा नं. २, ३ र ६  मा शून्य रहेको छ। बसाई सरी जानेको दर्ता संख्या सबै भन्दा बढी वडा नं. १ २७ वटा दर्ता भएको छ भने सबै भन्दा कम वडा नं. ७ मा ४ वटा दर्ता भएको छ। वडागत राजश्वमा सबै भन्दा बढी वडा नं. ७ मा रु ३ लाख ७९ हजार र सबै भन्दा कम वडा नं. ५ मा रु २ लाख २६ हजार उठेको छ। उपभोक्ता समितिबाट हुने वडा स्तरीय योजनाहरुको सम्पन्न गरी भुक्तानी लिनेमा सबै भन्दा बढी वडा नं. २ बाट ७ वटा योजनाको भुक्तानी भएको छ भने सबै भन्दा कम वडा नं. ५ र ६ बाट शून्य भएको छ।

## वित्तिय विवरण

# आर्थिक वर्ष २०८१/८२, प्रथम चौमासिक को आय र व्ययको विवरण

<u>आय तर्फ</u>

- आर्थिक वर्ष २०८१/०८२ हाल सम्म निम्न बोमोजिमको तह र स्रोतबाट गरी जम्मा रु ३२७१४०८८२ आम्दानी भएको
- संघीय सरकारबाट प्राप्त समानिकरण, शर्सत, विषेश र समपुरक अनुदान गरी रू २४९७५७२०२
- प्रदेश सरकारबाट प्राप्त समानिकरण, विशेष र समपुरक अनुदान गरी रु ११०२१५००
- राजस्व बाँडफाँड संघ र प्रदेश तथा जलविद्युत र वन रोयल्टी गरी रु २८६१७५३४
- आन्तरिक राजस्व ३५,०४,१३४
- बैंक मौज्दात ३४५१३०००

व्यय तर्फ

- आर्थिक वर्ष २०८१/०८२ मा ६३६४६५००० बजेट विनियोजन भएकोमा हाल सम्म रु १४३०४७७५६ अर्थात २२।४७ प्रतिशत खर्च भएको छ ।
- आर्थिक वर्ष २०८१/०८२ को कुल बजेट मध्ये चालु तर्फ रु ३८८८१६२५० विनियोजन भएकोमा रु ३९३८३२७२६।४८ अर्थात २४।१३ प्रतिशत खर्च भएको छ भने पूँजिगत तर्फ विनियोजित बजेट रु २४७६४८७५० मध्ये रु४९२१५०३० अर्थात १९।८७ प्रतिशत खर्च भएको छ ।

## भौतिक पूर्वाधार विकास क्षेत्रमा भएका उपलब्धीहरु

- सडक, पुल तथा यातायात

  कालीगण्डकी गाउँपालिका भित्र ४८ किमि कालोपत्रे पक्की सडक, २४ किमी ग्राभेल सडक, १४० किमी कच्ची सडक, ९ वटा झोलुङ्गे पुल, ३ मोटरेबल पक्की पुल विगतका विभिन्न आर्थिक वर्षहरुमा संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा निर्माण भएका छन् भने ५ वटा पुल निर्माणाधिन अवस्थामा रहेकोछन् ।

चालु आ.व. २०८१/८२ को पहिलो चौमासिक सम्म दुई वटा सडक योजनाहरु छाप दब्छे पोखरडाँडा सुलसुले सडकको तेस्रो खण्ड र हटिया रानीघाट सडकको दोस्रो सडक खण्डको निर्माण कार्य ८५ प्रतिशत भौतिक र ८१.१९ प्रतिशत वित्तिय प्रगती हासिल गरिएकोछ।।

- साना तथा ठूला सवारी साधनहरु सहजरुपमा सञ्चालन हुने गरी ग्रामिण तथा कृषि सडकहरुको विभिन्न कारणले अवरोध भएका सडकहरुको सरसफाई तथा मर्मत नियमित रुपमा गर्ने गरिएकोछ।
- छाप दब्छे पोखरडाँडा सुलसुले सडकको दोस्रो खण्डमा २ किमी सडक संरचना निर्माण भएकोछ र ७५ प्रतिशत भौतिक र वित्तिय प्रगती भएको छ।
- बारिचौर सिचाई योजना को बोलपत्र आह्वान भएर सम्झौता सम्पन्न गरि निर्माण कार्य अगाडि बढेको छ।
- बिद्यालय र स्वास्थ्य चौकी कालोपत्रे सडकले जोड्ने नीति अनुरुप भगवती मा.वि जोड्ने मोटरबाटो कालोपत्रेका लागि ठेक्का आह्वान गरि सम्झौता सम्पन्न भएर कार्य अगाडि बढेको छ।
- हटिया चिउरिबोट सडक दोस्रो प्याकेजको निर्माण व्यवसायीसँग सम्झौता गरी निर्माण कार्य सुरु भएको छ।
- गाउँपालिका भित्रका ग्रामिण तथा टोल बस्तीका सडकहरुलाई स्तरोन्नती र ढलान गरी सडकलाई सुरक्षित, भरपर्दो बनाउनको लागि विभिन्न वडाका सडकहरुमा ढलान गर्दै आएका छौ। चालु आवको पहिलो चौमासिक सम्म देउराली रानीघाट सडक स्तरोन्नती, कृषि जौबारी सडकको बोलपत्र आह्वान गरि सडकहरुको ढलान तथा स्तरोन्नती प्रक्रिया अगाडि बढेको छ

## आवास, भवन तथा शहरी विकास

- गाउँपालिका भित्र निर्माण हुने सार्वजनिक भवन, सरकारी कार्यालय, विद्यालयहरुको भवनमा भुकम्प प्रतिरोधात्मक प्रविधीको प्रयोग अनिवार्य गरिएको छ।
- भवन निर्माण कार्य भैरहेका बहुवर्षिय योजनाहरुमा ३ नं वडा कार्यालय भवन र स्वास्थ्य चौकी निर्माणको आ.व. २०८१/८२ को पहिलो चौमासिक सम्म ९५ प्रतिशत भौतिक प्रगती भएकोछ।
- वडा नं ४ र ६ को वडा कार्यालय घेराबारको काम सम्पन्न भई भुक्तानी समेत भएकोछ।

- औधोगिक ग्रामको भवन, वडा न ५को स्वास्थ्य चौकी भवन निर्माण , आलम मन्दिरमा पुर्बधार निर्माण यसै आ.ब २०८१/८२ को पहिलो चौमासिकमा बोलपत्र आह्वान गरि सम्झौता सम्पन्न भै निर्माण कार्य अगाडि बढेको छ ।

## विद्युत र उर्जा

- गाउँपालिकाका सम्पूर्ण ४७५७ घरधुरीहरुको न्यूनतम २० युनिट सम्मको बिजुलीको महसुल गाउँपालिकाको कार्यालयले भुक्तानी गरेको ।
- आ.व. २०७९/८० देखि चालु आ.व. २०८१/८२ को तेस्रो चौमासिक सम्म कुल २१० वटा विद्युतीय चुलो वितरण गरिएको छ ।
- गाउँपालिका भरी सम्पूर्ण बस्तीमा काठको पोल पूर्णरुपमा विस्थापन गरिएकोछ ।
- गाउँपालिकाको सबै सतप्रतिशत घरधुरीमा बिजुली बत्ती पुर्याईएकोछ ।
- गाउँपालिकाको कार्यालय र सात वटै वडा कार्यालयमा बिद्युत ब्याकअप जडान गरिएकोछ ।
- मुख्य मुख्य सडक र चोकहरुमा सडक बत्ती र सोलार बत्ती जडान गरिएकोछ ।

## सूचना तथा सञ्चार प्रविधी

- गाउँपालिकाको लेखा प्रणाली, पेरोल, अडिटिङ, जिन्सी चुस्त र दुरुस्त राख्न sutra, ipfms, pams, nams software को नियमित प्रयोग गरिएकोछ ।
- सबै वडा कार्यालय र गाउँपालिकाको वडा कार्यालयबाट राजश्वको लेखांकन, प्रतिवेदन, बैंक दाखिलाको लागि Revenue module software को प्रयोगलाई अनिवार्य गरिएकोछ । चालु आ.व. बाट QR प्रविधीबाट भुक्तानी गर्न मिल्ने बनाईएकोछ ।
- वडा कार्यालय र अस्पतालमा सिसि क्यामेरा जडान गरी गाउँपालिकाको कार्यालयबाटै अनुगमन हुने व्यवस्था गरिएकोछ ।
- विद्यालय र स्वास्थ्यको तथ्याङ्क संकलन, प्रतिवेदन निर्माणको लागि EMIS र HMIS को नियमति प्रयोगलाई अनिवार्य गरिएकोछ ।
- गाउँपालिका भित्रका सबै सरकारी कार्यालय, विद्यालय, स्वास्थ्य चौकीहरुमा फाइबर ब्याडविथ इन्टरनेटको पहुँच पुर्याईएकोछ ।
- खरिद तथा निर्माण कार्यको लागि इबिडिङ सफ्टवेयरको प्रयोग गर्दै आईएकोछ ।

## आर्थिक विकासका क्षेत्रमा भएका मुख्य उपलब्धीहरु

### कृषि, खाद्य सुरक्षा तथा सिँचाई

- गाउँपालिकाले स्थापना गरेको नमुना ड्रागन फ्रुट बगैचाबाट चालु आ.व.को प्रथम चौमासिकमा रु ७ लाख ३७ हजारको ड्रागन फ्रुट विक्री गरी आम्दानी गरेको छ। गत वर्षभन्दा यो वर्ष फल बिक्रीबाट रु ५ लाख बढी आम्दानी भएको हो।
- गहुँ बालीको उत्पादन तथा उत्पादकत्व वृद्धी गर्नको लागि विगतका आर्थिक वर्षहरुमा जस्तै यस चालु आ.व. २०८१/८२ मा पनि ५०% अनुदानमा ६००० किलोग्राम गौतम जातको गहुँको बिउ ३७७ कृषकलाई वितरण गरिएको छ।
- पुष्प खेतीको विस्तार, बजारिकरण गरी किसानहरुको आर्थिक आय आर्जनको भरपर्दो माध्यम बनाउनको लागि गाउँपालिकाको प्राविधिक सहयोग र बजारीकरणमा सहजिकरण गरि करिब रु २० लाख बराबरको फूल तथा माला बिक्री गर्न सफल भएका छौ।
- व्यावसायिक प्याज खेती प्रवर्धन कार्यक्रम संचालनको लागी गाउँपालिका द्धारा संचालित नर्सरीमा प्याजका बेर्ना तयारी हुने अवस्थामा रहेको छ जुन व्यावसायिक प्याज खेती गर्न इच्छुक आवेदक कृषकहरू लाइ शतप्रतिशत अनुदानमा उपलब्ध गराइनेछ।
- कालीगण्डकी गाउँपालिका भित्रका सबै वडाहरुका एकल दलित महिलाहरु मध्ये विपन्न तथा न्यून आयस्रोत भएका महिलाहरुलाई लक्षित गरी मौरीपालनबाट आय वृद्धी गर्ने उद्देश्यले २५ जना एकल महिलाहरुलाई मौरी पालन तालिम प्रदान गरी गोला सहितको मौरीको घार वितरण गरिएको छ।
- प्रत्येक वर्ष आलुको बीउको लागि कालीगण्डकी गाउँपालिकाले लाखौ रुपिया बाहिर खर्चिनु पर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्न कालीगण्डकी गाउँपालिकाको वडा नं ३ पोखरडाँडा र वडा नं ७ को मिर्मीमा बीउ आलु उत्पादन कार्यको सुरुवात भएको छ।
- बाझो जमिनमा सामूहिक खेती कार्यक्रम अन्तर्गत गाउँपालिका भाडा लिई खेती गरेको जमिनबाट बोडी १२० केजी, सिमी ४०० केजी, क्याप्सिकम ४०० केजी, काक्रा १६०० केजी, मुला १०० केजी, साग ६० मुठा, धनिया २५ केजी, बन्दा ३५० केजी, काउली ४०० केजी, ब्रोकाउली २०० केजी, भिन्डी ३००० केजी उत्पादन भई बिक्री गरिएको छ।
- कालीगण्डकीको पानीले गाउँपालिका भित्रका खेतीयोग्य जमिन, फाँट, टार सिँचाई गर्ने नीति अनुरुप गत आ.व. २०७९/८०, आ.व २०८०/८१ र आ.व. २०८१/८२ मा गरी चार वटा लिफ्टीङ सिँचाई योजनाहरुको ठेक्का सम्झौता भई निर्माणको क्रममा रहेकाछन्। टंलहेवा लिफ्टिङ सिँचाई, प्यूघा लिफ्टिङ सिँचाई, बारीचौर लिफ्टिङ् सिँचाई र मिर्मी फाँट लिफ्टिङ् सिँचाई आयोजनाहरुमा इनार, ट्की, पाइपलाईन, हाइटेसन लाइन निर्माणको कामहरु भइरहेकोछन्। भने विर्घाटार लिफ्टिङ्ग सिँचाई योजना सम्पन्न गरी करिब १२० रोपनी जग्गामा सिँचाई सुविधा उपलब्ध गराईएकोछ।

## पशुपन्छी विकास

- सुनौलो हजार दिनका महिला र बालबालिकाहरुलाई लक्षित गरी अण्डामा आत्मनिर्भर कार्यक्रम संचालनका लागि लेयर्स चल्लाको माग संकलन कार्य संकलन भएको छ।
- गाई भैसीमा उन्नत नश्ल विस्तारका कृत्रिम गर्भाधान कार्य संचालन भैरहेको छ।
- गाउँपालिका र हेफर प्रोजेक्ट बीच साझेदारी सम्झौता गरी पशुपन्छी विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन भएकोछ जसमा २५९ वटा बाख्रा र बोका, १७० वटा बंगुर, १२ वटा भैसी, ३ वटा गाई वितरण गरिएकोछ । ४००० बोट राइखनियोको विरुवा वितरण , १३१ वटा बाख्रा र बंगुरको खोर निर्माण, २७ वटा भकारो सुधार कार्यक्रम सञ्चालन गरिएको छ।

## पर्यटन र संस्कृती

- आलमदेवी मन्दिरको पर्यटन पूर्वाधारन निर्माणको लागि रु ९५ लाख बराबरको बजेट विनियोजन गरी निर्माण कार्यको लागि बोलपत्र आह्वान गरी सम्झौता भई निर्माण कार्य अगाडी बढाईएको छ।
- गाउँपालिका भित्र रहेका प्रमुख धार्मिक तथा ऐतिहासियक पर्यटकीय स्थलहरुमा आवश्यक पूर्वाधार निर्माण, प्रचार प्रसारको लागि गाउँपालिकाले संघ र प्रदेश सरकारसँग सहकार्य गरी विभिन्न योजनाहरु सञ्चालन भएकाछन्।
- गाउँपालिका भित्रका विभिन्न मठ मन्दिरको संरक्षण र निर्माणको लागि हरेक वर्ष बजेट विनियोजन गर्दै आएकोछ।
- गाउँपालिका भित्रका मगर समुदायको भाषा, विभिन्न लोक संस्कृतीहरु ययुनाट, जुनुमामा जस्ता नृत्यहरु संरक्षणको लागि आर्थिक सहयोग गर्दै आएकोछ।

## उद्योग व्यापार तथा व्यवसाय

- वडा नं. ५ भपेङ्गमा रहेको औद्योगिक ग्रामको आवश्यक पूर्वाधार निर्माणको लागि रु १ करोडको बजेट व्यवस्था भई बोलपत्र आह्वान गरी निर्माण कार्य अगाडी बढेको छ। जसअन्तर्गत Labour room, admin office, workshop, sales shutter को निर्माण हुनेछ।

## रोजगार सेवा केन्द्र

- ३७ जना वैदेशिक रोजगारमा जाने नागरिकहरुको श्रम स्वीकृती फाराम भर्नमा सहजिकरण गरिएको छ।
- रोजगार सेवा केन्द्रबाट ६ वटा निर्माण सम्बन्धी योजनाहरुको सम्झौता भई काम सुरु भइरहेको छ।

## सामाजिक विकासका क्षेत्रमा भएका मुख्य उपलब्धी

### जनस्वास्थ्य तथा पोषण

- गाउँपालिका भित्रका सम्पूर्ण नागरिकहरुको निशुल्क स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत २१८४ घर परिवारको नागरिक स्वास्थ्य बीमाको लागि रकम रु ८२७०५०० स्वास्थ्य विमा बोर्डलाई भुक्तानी गरिएको।
- वैघा स्वास्थ्य चौकी भवनको आ.व. २०८०/८१ को प्रथम चौमासिकसम्म ९० प्रतिशत काम भई हस्तान्तरण गर्ने तयारीमा छ।
- गाउँपालिकाले आन्तरिक लगानीमा सञ्चालन गरेको कालीगण्डकी अस्पतालबाट प्रथम चौमासिकसम्म ८३०६ जना र अन्य स्वास्थ्य चौकीहरुबाट ७९९६ जना गरी जम्मा १६३०३ जना विरामीहरुले सेवा लिएकाछन् ।
- अस्पतलाबाट प्रदान गरिने सेवामा १०११ जना इमर्जेनसी सेवा, १९३३ जना एक्सरे सेवा, ६१२० जना प्रयोगशाला सेवा, ५३ जना USG सेवा प्राप्त गरेका छन् ।
- अध्यक्ष संग निःशुल्क औषधी कार्यक्रम संगसंगै विमाको सुविधा थैलीमा उपलब्ध हुने औषधी वाहेक जम्मा रु ३४६५२० तिन लाख छयालिस हजार हजार पाँच सय विस बराबरको औषधि कालीगण्डकी अस्पतालवाट निःशुल्क वितरण गरिएको छ ।
- नागरिक आरोग्य केन्द्रबाट आयुर्वेदिक एवं परम्परागत उपचार पद्धतीबाट गरिने स्वास्थ्य सेवा ७२१ जनालाई सेवा दिईएको छ भने ६३ जना जेष्ठ नागरिकलाई मसाज तेल वितरण गरिएको छ ।
- कालीगण्डकी अस्पतालको भवन निर्माण कार्यमा २० प्रतिशत भौतिक प्रगती भएकोछ ।
- वडा न ५को स्वास्थ्य चौकी भवन १० प्रतिशत भौतिक प्रगती भएको छ ।
- हरेक वडाका स्वास्थ्य संस्थामा ५ वर्ष मुनिका ७१९ जना बच्चाहरुको पोषण लेखा जोखा गरियो हाल सम्म ४.८ प्रतिशत मात्र कुपोषित बच्चाको संख्या भेटियो ।
- आत्मा हत्या रोकथाम दिवश सम्पन्न गरियो।
- स्तनपान सप्ताह सम्पन्न गरीयो ।
- डेङ्गु रोकथामका लागी घरघरमा र टोल टोलमा नै गएर सरसफाई अभियान तथा जनचेतना कार्यक्रम सम्पन्न गरियो ।
- वि.एम फाउन्डेशन को प्राविधिक सहयोगमा आँखा शिविर संचालन गरी २०६२ जना विरामी लाई उपचार गरी ५७६ जनालाई चस्मा वितरण गरियो ।

- २०८१/८२ को वार्षक समिक्षा सम्पन्न गरी हरेक महिनाको ५ गते स्वास्थ्य संस्थाहरुको मासिक रुपमा बैठक बसि विभिन्न समस्याको बारेमा छलफल, समिक्षा, सुचना संकलन, डाटा भेरिफिकेशन गुणस्तर सुधारका कामहरु गरिएकोछ ।
- स्वास्थ्य चँकीहरुको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम अन्तरगत संस्थागत रुपमा अधावधी गरीयो ।
- गर्भवतीरहरु लाई क्याल्सियम र फोलिक एसिड चक्की निःशुल्क वितरण गरिएको छ ।
- गर्भवती लाई निमन्त्रणा पत्र र संदेशमुलक फेलेक्स चार्ट निरन्तर वितरण गरिएको छ ।
- सुनौलौ हजार दिनका आमा र मध्यम खालको कुपोषण भएका शिशुहरुलाई लक्षित गरी अण्डा र लिटो वितरण गरिएकोछ । उक्त कार्यक्रममा २८२ क्यारेट अण्डा र ३७ केजी लिटो वितरण गरिएकोछ ।
- स्वास्थ्य कर्मीहरुका लागी ४ दिने पोषण रिफ्रेसर तालिम सम्पन्न गरीयो ।
- १४ जना सुत्केरी महिलालाई निशुल्क एम्वुलेन्स सेवा प्रदान गरिएको छ।

## शिक्षा, कला, भाषा तथा साहित्य

- विद्यालयमा दिइने अनुदान तथा निकासाहरु समयमै निकास हुने गरेको ।
- प्रथम त्रैमासिक सम्म शिक्षक तलब निकासा भएको ।
- प्रथम चौमासिक सम्म दिवा खाजा निकासा भएको ।
- पठन सिप सम्बन्धी १ वटा तालिम सम्पन्न भएकोछ । जसमा जम्मा २२ वटा विद्यालयका २२ जना शिक्षकहरु सक्रिय रुपमा सहभागिता भएको थियो ।
- २ वटा प्रअ बैठक सम्पन्न भई शैक्षिक गुणस्तर अभिवृद्धि सम्बन्धमा व्यापक छलफल तथा समिक्षा भएको ।
- ३ वटा शिक्षा समिति बैठक बसि महत्वपुर्ण निर्णय भएको ।
- स्थानिय पाठ्यक्रममा समायानुकुल परिमार्जनका लागि कार्यदरल गठन भई काम सुरुवात भएको ।
- विद्यालयको नियमित अनुगमन अन्तर्गत ५ वटा विद्यालयहरुको अनुगमन सम्पन्न गरी आवश्यक समिक्षा समेत भएको तथा पठन सिप विकास कार्यक्रम लागु भएका विद्यालयहरुको रुम टू रिड र गाउँपालिकद्वारा संयुक्त अनुगमन सम्पन्न भएको ।
- राष्टपति रनिङ् शिल्ड प्रतियोगिता सफलतापुर्वक सम्मन्न भएको जसमा १६ वटा विद्यालयहरुले ७ विधाका २८ खेलहरुमा सहभागिता जनाएका ।

- एस.इ.इ २०८० मा गाउँपालिका भरिमा उत्कृष्ट जि.पि.ए ल्याउने छात्र तथा छात्रा सम्मान गरिएको ।
- विद्यार्थीहरुको जिल्लास्तरीय पञ्चेबाजा प्रतियोगितामा सहभागिता भई जिल्लामा नै प्रथम स्थान प्राप्त भएको तथा प्रथम स्थान हासिल गर्ने विद्यार्थीहरुलाई सम्मान गरिएको ।
- एक विद्यार्थी एक बैंक खाता कार्यक्रमको सुरुवात भएको छ ।

**खानेपानी सरसफाई तथा स्वच्छता**

- आ.व. २०८०/८१ सम्म गाउँपालिका भित्रका ४३३८ घरधुरीमा एक घर एक धारा जडान गरिएको छ भने चालु आ.व.को कार्तिक मसान्तसम्म ३ वटा खानेपानी योजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गरी सम्झौता भएको छ।

- **महिला बालबालिका तथा संरक्षण**
  - कालीगण्डकी गाउँपालिकामा लैङ्गिक तथा समाजिक विभेद तथा वन्चितिकरणमा परेका नागरिकहरुको आर्थिक, सामाजिक सशक्तिकरण, नेतृत्व तथा क्षमता विकास, सुसुचित तथा हिंसा रहित समाजको निर्माणमा सहयोग पुर्याउने उद्देश्यले २५ जना अति विपन्न दलित एकल महिलाहरु तालिम सहित मौरीको घार वितरण गरिएको, ३३ औ अन्तराष्ट्रिय ज्येष्ठ नागरीक दिवसको अवसरमा सम्मान तथा स्वास्थ्य परीक्षण कार्यक्रममा ५०० जना जेष्ठ नागरिकलाई इलेक्ट्रिक कित्ली वितरण गरिएको , ३३ औ अन्तराष्ट्रिय अपांगता दिवस, तिज गित प्रतियोगिता कार्यक्रम, नेतृत्व विकास सम्वन्धी अन्तरर्क्रिया कार्यक्रम, लैगिंक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रमहरु सञ्चालन गरिएको
  - अपाङ्गता परिचय पत्र वितरणको विवरण ।

| क्र.सं. | अपाङ्ग परिचय पत्रको प्रकार | वर्ग | २०८०/०८१ कार्तिक मसान्तसम्म |
|---|---|---|---|
| 1. | रातो | क | १ |
| 2. | निलो | ख | २ |
| 3. | पहेंलो | ग | २ |
| 4. | सेतो | घ | १ |
| जम्मा | | | ६ |

- ज्येष्ठ नागरिक परिचयपत्र आ.व. २०८१/८२ को कार्तिक मसान्त सम्म १० वटा वितरण भएकोछ।

युवा र खेलकुद

- विद्यालय स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता सम्पन्न गरी जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताका लागि खेलाडीहरु छनौट गरिएको छ।
- छैटौ अध्यक्ष कप कालीगण्डकी खेलकुद महोत्सव २०८१ मंसिर १४ देखि १६ गते सम्म कालीगण्डकी गाउँपालिका वडा नं ७ मिर्मी र पुरुष क्रिकेट खेल वडा नं ५ भपेङमा सञ्चाल गरिएको थियो चालु आ.व.मा महिला क्रिकेट थप गरी २२ वटा विधामा खेल खेलाइएको थियो।
- उक्त खेलकुद कार्यक्रममा २२ खेलमा ७२१ खेलाडीले भाग लिएका थिए ।  खेलको उद्घाटन सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पृथ्वीसुब्बा गुरुङज्यूबाट भएको थियो ।
- क्लबहरुलाई अनुदान, खेलकुद सामाग्री वितरण, खेलमैदान निर्माण, जग्गाखरिदको लागि हरेक वर्ष बजेट विनियोजन गरिएकोछ ।